| विधेयक संख्या | ००२ |
|---|---|

# जन्तेढुङ्गा गाउँपालिका आर्थिक ऐन, २०७८

| | |
|---|---|
| सभाबाट स्वीकृती मिति :- | २०७८/०३/०९ |
| प्रमाणिकरण मिति : - | २०७८/०३/११ |
| स्थानीय राजपत्रमा प्रकाशित मिति :- | २०७८/०३/११ |

गाउँ सभाले पारित गरे बमोजिम यो विधेयक (संख्या २, जम्मा पृष्ठ संख्या१६) ठिक छ भनि प्रमाणिकरणका लागि सभाध्यक्ष समक्ष पेस गर्दछु ।

गिरिराज भट्टराई

गाउँसभा सचिव

मिति : २०७८/०३/११

# जन्तेढुङ्गा गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**: जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ दफा ५४ मा भएको व्यवस्था र १ नं. प्रदेश कानून बमोजिम जन्तेढुङ्गा गाउँपालिकाको गाउँ सभाबाट पारित गरी आर्थिक ऐन बनाईनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि जन्तेढुङ्गा गाउँपालिका क्षेत्र खोटाङमा लागू हुनेछ।

२. **सम्पत्ति (घर जग्गा) वहाल कर**: गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूर्ै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -१ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

३. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको दर्ता र नविकरण गर्न अनुसूची -२ बमोजिम कर लगाई असूल उपर गरिनेछ। एउटै पसल, फर्म वा कम्पनीले अनुसूचीमा उल्लिखित विवरण अनुसार एक भन्दा बढी किसिमका वस्तु तथा सेवाको व्यवसाय गरेको भएमा अधिकतम दर भएको व्यवसायको व्यवसाय कर असुल उपर गरिने छ।

४. **जडिबुटी तथा कबाडी कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत् अनुसूची -३ बमोजिमको जडिबुटी तथा कबाडी कर लगाइने र असूल उपर गरिनेछ।

५. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सोहि कानूनमा अन्यथा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ।

६. **मनोरञ्जन कर**: १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ मा भएको व्यवस्था बमोजिम हुनेछ।

७. **सेवा शुल्क र दस्तुर**: गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -५ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम कर, शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

८. **पर्यटन शुल्क**: उद्यम, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदाको उपयोग वापत अनुसूची -६ र १ न. प्रदेश सरकारको आर्थिक ऐन २०७८ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसूची -७ बमोजिमको भूमि कर(मालपोत) लगाइने र असूल उपर गरिनेछ।

१०. **दहत्तर बहत्तर कर**: ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्रवं र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क वा १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ।

११. **जरिवाना:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निषेध गरिएको सार्वजनिक क्षेत्र वा व्यापार व्यवसाय वा फोहोर मैला व्यवस्थापन, विवाद, झैझगडा, द्वन्द्व बापत तथा यस ऐन र अन्य प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची -८ बमोजिमको जरिवाना गरी असुल उपर गरिनेछ।

१२. **सामुदायिक वनबाट आय:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बमोजिम हुनेछ।

१३. **घर जग्गा रजिष्ट्रेशन शुल्क:** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ।

१४. **सवारी साधन कर:** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ र टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी कर लगाईने र असूल उपर गरिनेछ।

१५. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिई बाँकी व्यवसायको कर मिनाहा गरिनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ।

१७. **अन्य व्यवस्था:** यस गाउँपालिकाका विषयगत शाखा वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा सँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन।

१८. यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम र गाउँपालिकाको अन्य ऐनमा तोकिएको भएमा सोहि ऐन बमोजिम हुनेछ।

१९. **ऐनको व्याख्या तथा खारेजी :**

(१) यस ऐनमा उल्लेख नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्नेछ।

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून तथा अन्य ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ।

अनुसूची १
(दफा २ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने सम्पत्ति (घरजग्गा) वहाल करको दर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा, घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा सम्झौता रकमको,कुनै पनि सार्वजनिक संस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा सम्झौता रकमको | १०% | |
| २. | एम्बुलेन्स भाडा दर | चिसापानी- वंसिला रु ५०००<br>डमर्खु –चिसापानी रु ३५००<br>काहुले-चिसानी रु ३५००<br>सुत्केरीलाई निःशुल्क<br>रिफर निःशुल्क<br>विपन्नलाई निःशुल्क | |
| ३. | JCB ब्याकहो लोडर भाडादर | | |

| क्र.स | कामको प्रकार | भाडा दर प्रति घण्टा | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिकाको JCB को भाडादर | ६०००/- | |

अनुसूची - २
(दफा ३ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय दर्ता/नविकरण करको दर

| क्र.सं. | विवरण | दर्ता/अनुमति | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | २५० | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | २००० | १००० | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | ३००० | १५०० | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | ५०० | २५० | |
| ५. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज | २५०० | १५०० | |
| ६. | कपडा/जुत्ता/चप्पल पसल, | २००० | १००० | |
| ७. | नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन बिक्री वितरण), | ५०० | २५० | |

| | | | | |
|---|---|---|---|---|
| ८. | मेडिकल/एग्रोभेट (खुद्रा डाक्टर भएको) | ७००० | ३५०० | |
| ९. | मेडिकल/एग्रोभेट (खुद्रा) | ५००० | २५०० | |
| १०. | मेडिकल/एग्रोभेट (थोक) | १०००० | ५००० | |
| ११. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल(थोक) | २५०० | १५०० | |
| १२. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत् अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल(खुद्रा) | ५०० | २५० | |
| १३. | अलैंचि/अदुवा/सतुवा/जटामसि/बनजन्य तथा जडीबुटी कारोबार गरे वापत थप व्यवसाय | २५०० | १५०० | |
| १४. | हार्डवेयर व्यवसाय | ३००० | १५०० | |
| १५. | भाँडाकुँडा पसल | २००० | १००० | |
| १६. | फर्निचर/ 'स' मिल व्यवसाय | ३००० | १५०० | |
| १७. | इन्धन व्यवसाय | ५००० | २५०० | |
| १८. | कस्मेटिक पसल, ब्युटी पार्लर | १००० | ५०० | |
| १९. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN/ VAT दर्तावाला) (थोक) | २५०० | १५०० | |
| २०. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN/ VAT दर्तावाला) (खुद्रा) | १५०० | ७५० | |
| २१. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ समेत बिक्रीवितरण गर्ने होटल | १००० | ५०० | सिं नं. १,२ मा थप हुने |
| २२. | सुनचाँदी पसल | ३००० | १५०० | |
| २३. | मनी एक्स्चेन्जर (IME लगायत) | ३००० | १५०० | |
| २४. | कृषि सहकारी संस्था | ५०० | २५० | |
| २५. | विद्युत् सहकारी | ७००० | ३५०० | |
| २६. | अन्य सहकारी तथा लघुवित्त | ३००० | १५०० | |
| २७. | बैंकिङ तथा बित्तीय कारोबारगर्ने संस्था | १०००० | ५००० | |
| २८. | एफ. एम. रेडियो | १०००० | ५००० | |
| २९. | सिनेमाघर | १०००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ५००० | २००० | |
| ३१. | कायाकिङ, क्यानोनिङ, बन्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ | १०००० | ५००० | |
| ३२. | केबलकार | ५०००० | १५००० | |
| ३३. | प्रेस हाउस | १००० | ५०० | |
| ३४. | स्टेशनरी | १००० | ५०० | |
| ३५. | ईलेक्ट्रोनिक्स पसल(मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | ३००० | १५०० | |
| ३६. | टेलर, सैलुन, साइवर | ५०० | २०० | |
| ३७. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | १०००० | ५००० | |
| ३८. | लघु घरेलु र साना उद्योग दर्ता | १००० | ५०० | |
| ३९. | बोर्डिङ स्कुल आ.वि. | ५००० | २५०० | |
| ४०. | बोर्डिङ स्कुल मा.वि. | ७००० | ३५०० | |
| ४१. | ढुवानी तथा ट्रान्सपोर्ट | २५०० | १५०० | |
| ४२. | ट्र्याक्टर व्यावसाय | ५००० | २५०० | |
| ४३. | तीन पांग्रे | २००० | १००० | |
| ४४. | चार पांग्रे | ५००० | २५०० | |
| ४५. | ग्रील व्यावसाय | ३००० | १५०० | |
| ४६. | कुटानी पिसानी(सानो) | २५०० | १५०० | |
| ४७. | कुटानी पिसानी(ठुलो) | ५००० | २५०० | |
| ४८. | ठुलो स्काभेटर | ३०००० | १५००० | |
| ४९. | सानो स्काभेटर | १५००० | ७५०० | |
| ५०. | अन्य व्यवसाय | निःशुल्क | निःशुल्क | |

अनुसूची - ३

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी, जीवजन्तु तथा कबाडी कर

(क) कवाडी

| क्र.सं. | कवाडी | दररेट रु. (प्रति केजी) | कैफियत |
|---|---|---|---|
| १. | कवाडी | ०.५ | |

(ख) जीवजन्तु/ सबै प्रकारको माछा कर

| क्र.सं. | जीवजन्तु/ सबै प्रकारको माछा कर | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | माछा कर | २५०० | १२०० | |

(ग) जडिबुटि कर

| क्र.सं. | जडिबुटी कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | चिरेइतो, सतुवा, | ५०० | |

(घ) हाटबजार कर

| क्र.सं. | हाटबजार कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | चिसापानी हाटबजार | ४०००० | |

अनुसुची – ४

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः

क) प्रदेश कानुनको अधिनमा रहि देहाय अनुसार विज्ञापन कर निम्नानुसार तोकिएको छ :

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको कर छुट हुने छैन ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा मेरिङदेन गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रशार गर्न पाइने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.१०।-,

२) होर्डिङ्ग बोर्ड, नियोन साईन यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति बर्ष वर्ग फुट रु.३०।-,

३) डिजिटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति बर्ष वर्ग फुट रु. २०।-,

४) माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वार फुट सम्मको लागि प्रति दिन रु.५०।-र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामग्रीका लागि प्रति वर्ष वर्ग फुट रु.२५।-,

५) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम १५ दिन र २० स्क्वार फुटकालागि प्रति दिन रु.५०।-,

६) सवारी साधनको छत (अधिकतम ३ फुट उचाइ सम्म मात्र ), दुई पाङ्ग्रा विचको भाग, पछाडीको सिसा (सिसाको जम्मा भाग मध्येको अधिकतम ५० प्रतिशत सम्म मात्र ) मुख्य झ्यालको माथि पट्टीको भेन्टीलेसनमा विज्ञापन प्रचार सामग्रीको प्रति स्क्वार फुट रु.५०।-

७) आकाशमा वेलुन, ज्याकटमा वा वेलुन बोकेर गरिने विज्ञापन (प्रतिदिन) रु.२५।-,

८) अन्यको हकमा प्रति बर्ग फिट प्रति वर्ष रु.१००।-

अनुसूची -५

(दफा ७ सँग सम्बन्धित)

**गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क र दस्तुर लगाउने र असुल उपर गर्नेछ ।**

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ | कैफियत |
|---|---|---|---|
| १. | निवेदन दस्तुर | १०।- | |
| २. | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निशुल्क | |
| ३. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | २००।- | |
| ४. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि प्रतिलिपी | ५००।- | |
| ५. | अस्थायी बसोबास सिफारिस | २००।- | |
| ६. | स्थायी बसोबास सिफारिस | ५००।- | |
| ७. | एकासगोल परिवार प्रमाणित सिफारिस | २००।- | |
| ८. | संरक्षक सिफारिस (व्यक्तिगत ) | ५०।- | |
| ९. | संरक्षक सिफारिस(संस्थागत ) | १००।- | |

| | | | |
|---|---|---|---|
| १०. | जिवित रहेको सिफारिस | १००।- | |
| ११. | जन्म मिति संशोधन सिफारिस | १००।- | |
| १२. | व्यक्तिगत विवरण प्रमाणितसिफारिस | १००।- | |
| १३. | जन्म मिति प्रमाणित | २००।- | |
| १४. | विवाह प्रमाणित | २००।- | |
| १५. | अविवाहित प्रमाणित | २००।- | |
| १६. | सम्बन्ध विच्छेद सिफारिस | २००।- | |
| १७. | मृत्यू प्रमाणित | १००।- | |
| १८. | सम्बन्ध भएको ⁄ नभएको प्रमाणित | २००।- | |
| १९. | घर पाताल प्रमाणित | २००।- | |
| २०. | फरक फरक नाम, थर शिफारिस ⁄ प्रमाणित | २००।- | |
| २१. | फरक फरक जन्म मिति प्रमाणित ⁄शिफारिस | २००।- | |
| २२. | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस (नेपाली) | २००।- | |
| २३. | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस (अँग्रेजी) | ५००।- | |
| २४. | कागज मन्जुरीनामा प्रमाणित | २००।- | |
| २५. | संरक्षक प्रमाणित | २००।- | |
| २६. | वसाइसराई भैजाने | १०००।- | |
| २७. | वसाइसराई आउने | निःशुल्क | |
| २८. | वैदेशिक रोजगार प्रमाणित खाडी मूलुक र मलेसिया र अन्य | २००।- | |
| २९. | वैदेशिक रोजगार प्रमाणित अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापान,कोरिया, मकाउ, हङकङ, सिंगापुर, इजरायल, ब्रुनाई र युरोपियन मूलुक | २०००।- | |
| ३०. | वैदेशिक रोजगार प्रमाणित इराक,अफगानिस्तान,सिंगापुर, इजरायल,लेबनान | १५००।- | |
| ३१. | वैदेशिक भुतपूर्व सैनिक ⁄ प्रहरीको हकमा नाम थर एउटै ⁄ संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | १५००।- | |
| ३२. | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै ⁄ संशोधन प्रमाणित गर्ने सिफारिस (भारत) | १०००।- | |
| ३३. | पेन्सन पट्टा सम्बन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | २००।- | |

| | | | |
|---|---|---|---|
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | १०००।- | |
| ३४. | नाता प्रमाणित सिफारिस (नेपाली) | ५००।- | |
| ३५. | सर्जमिन गर्नुपर्नेका हकमा | ५००।- | |
| ३६. | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।- | |
| ३७. | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित शिफारिस | निशुल्क | |
| ३८. | छात्रबृत्ति प्रमाणित सिफारिस | २००।- | |
| | छात्रबृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ३९. | अपांग प्रमाणित सिफारिस | निशुल्क | |
| ४०. | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निशुल्क | |
| ४१. | नाबालक सम्बन्धी सिफारिस (अमेरिका, क्यानडा, अष्ट्रेलिया जापान, कोरिया, मकाउ, सिंगापुर, हङकङ, ब्रुनाई र यूरोपियन मुलुक) | २०००।- | |
| ४२. | नाबालक सम्बन्धी सिफारिस (हङकङ, मकाउ, दक्षिण कोरिया, सिँगापुर) | १५००।- | |
| ४३. | नाबालक सम्बन्धी सिफारिस (खाडी मुलुक र अन्य) | ५००।- | |
| ४४. | नाबालक सम्बन्धी सिफारिस (नेपाल र भारत) | २००।- | |
| ४५. | आन्तरीक बसाई सराई सिफारिस | २००।- | |
| ४६. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ४७. | सशुल्क स्वास्थ्य उपचार सिफारिस | २००।- | |
| ४८. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | २००।- | |
| ४९. | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ५००।- | |
| ५०. | मोहि जग्गा वा अन्य नामसारी सिफारिस | २००।- | |
| ५१. | मोही लगत कट्टा | २००।- | |
| ५२. | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ५३. | घर कायम सिफारिस (अन्य) | १००।- | |
| ५४. | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति रोपनी) | १०।- | महिलाको हकमा ५० प्रतिशत छुट |
| ५५. | कित्ताकाट सिफारिस(प्रति रोपनी ) | २००।- | |
| ५६. | जग्गा नामसारी/किनबेच सिफारीस | २००।- | महिलाको हकमा ५० प्रतिशत छुट |
| ५७. | अंशवण्डा सिफारिस (प्रति रोपनी ) | २००।- | |
| ५८. | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |
| ५९. | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | २००।- | |

| | | | |
|---|---|---|---|
| ६०. | चार किल्ला प्रमाणित | ५००।- | |
| ६१. | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ६२. | हकदार नभएको प्रमाणित सिफारिस | २००।- | |
| ६३. | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | २००।- | |
| ६४. | जग्गा धनीपुर्जा हराएको शिफारिस | २००।- | |
| ६५. | पुर्जामा घर कायम गर्ने सिफारिस | २००।- | |
| ६६. | घर नक्शा | | |
| | क) घर नक्शा प्रतिलिपि १ सेट | १००।- | |
| | ख) घरनक्शा अन्य कागजात प्रति पान नक्कल दस्तुर | १५।- | |
| | ग) सम्पन्न प्रमाणपत्र/ प्रतिलिपि (फोटो टाँसेको) | ५००।- | |
| | घ) घरनक्शा निवेदन फायल दस्तुर | १००।- | |
| | घर नक्शा पास दस्तुर | | |
| | क) १००० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १।- | |
| | ख) १५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १.५।- | |
| | ग) २५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २।- | |
| | घ) २५०१ भन्दा माथि रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २.५।- | |
| | ङ) सिमेन्ट जोडाई कम्पाउड प्रति रनिंग फिट | ०.५।- | |
| | च) गिलेवा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | छ) काठै काठको घर प्रति वर्ग फिट | ०.५।- | |
| | ज) टिनको छानो सिमेन्ट ईटा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | झ) फलामको खम्बाभई टिनको छानो (ट्रस्ट) बाट बनेको प्रति वर्ग फिट | १।- | |
| | ञ) घर अभिलेखिकरण प्रति वर्ग फिट | १।- | |
| ६७. | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | २।- | |
| ६८. | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | ०.५।- | |
| ६९. | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | १.५।- | |
| ७०. | भवन नक्सा नामसारी दस्तुर | ५००।- | |

९

| | | | |
|---|---|---|---|
| ७१. | भवन निर्माण अनुमति दस्तुर | ५००।- | |
| ७२. | भवन निर्माण नक्सा पास | १०००।- | |
| ७३. | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| ७४. | नक्सा पास नक्कल दस्तुर | १००।- | |
| ७५. | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | ५००।- | |
| ७६. | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | २००।- | |
| ७७. | घरको स्थलगत सर्जमिन र अमिन रेखाङ्कन | ५००।- | |
| ७८. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | १००।- | |
| ७९. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |
| ८०. | घर नामसारी (प्रतिघर) | ५००।- | |
| ८१. | घरबाटो सिफारिस प्रतिलिपि | ५०।- | |
| ८२. | घरको अवस्था प्रमाणित प्रति वर्ग फिट | २।- | |
| ८३. | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | १५००।- | |
| ८४. | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | निशुल्क | |
| ८५. | वार्षिक चल आय प्रमाणित सिफारिश (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २०.देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |

८६.वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारस गर्दा घर जग्गा कर देहाय बमोजिम तोकिएको छ:-

| क.स | विवरण (प्रत्येक एकाईको एकमुष्ठ, थप नलाग्ने) | आ.व. २०७८।०७९ को |
|---|---|---|
| क। | १ देखी ५ लाख रुपैयाँ सम्म | ५००।- |
| ख। | ५लाख देखी १० लाख रुपैयाँ सम्म | १०००।- |
| ग। | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- |
| घ। | २० देखी ३० लाख रुपैयाँ सम्म | २०००।- |
| ङ। | ३० देखी ५० लाख रुपैयाँ सम्म | २५००।- |
| च। | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- |
| छ। | १ करोड रुपैयाँ भन्दा माथी | ३५००।- |

| | | | |
|---|---|---|---|
| ८७. | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |
| ८८. | नागरिकता सिफारिस (वंशज) | २००।- | |
| ८९. | नागरिकता प्रतिलिपी सिफारिस | ५००।- | |

| | | | |
|---|---|---|---|
| ९०. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५००।- | |
| ९१. | नागरिकतामा विवरण संसोधन सिफारिस | ५००।- | |
| ९२. | विद्युत जडान सिफारिस | २००।- | |
| ९३. | धारा जडान सिफारिस | २००।- | |
| ९४. | टेलिफोन जडान सिफारिस | ५००।- | |
| ९५. | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | २००।- | |
| ९६. | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |
| ९७. | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | १०००।- | |
| | मझौला उद्योग | १०००।- | |
| | साना उद्योग | निःशुल्क | |
| ९८. | प्यान दर्ता सिफारिस | २००।- | |
| ९९. | भ्याट दर्ता सिफारिस | ५००।- | |
| १०० | प्यान बन्द सिफारिस | २००।- | |
| १०१ | भ्याट बन्द सिफारिस | ५००।- | |
| १०२ | संस्था दर्ता सिफारिस (नाफामूखी) र नविकरण | १०००।- | |
| १०३ | संस्था दर्ता सिफारिस (गैह्रनाफामूखी) | २००।- | |
| | उपभोक्ता समिति दर्ता/नवीकरण | ५००।- | |
| | संस्था नविकरण सिफारिस (गैह्रनाफामूखी) | २००।- | |
| | INGO को हकमा | ५०००।- | |
| १०४ | उजुरी तथा मुद्दा दस्तुर | २००।- | |
| १०५ | उजुरी तथा मुद्दा दस्तुर (जेष्ठ नागरिक, नावालक, एकल महिला, दलित, लोपोन्मुख जाति, अपाङ्गता भएका व्यक्ति, विपन्न नागरिक | निशुल्क | |
| १०६ | मिलापत्र कागज गराउने | २००।- | पटकै पिच्छे थप १००।-हुने । |
| १०७ | कुनै व्यक्ति उपर मुद्धा दर्ता गर्नु परेमा दर्ता शुल्क | ५०।- | उजुरी तथा मुद्धा गरी रु ५५०।- |
| १०८ | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | २००।- | |
| १०९ | गाँउपालिकाको ऐन, नियमावली, कार्यविधि संग्रह | ५००।- | |
| ११० | गाँउपालिका पार्श्वचित्र (profile) | ५००।- | |
| १११ | कार्यालयको कागजात उतार प्रतिलिपि (प्रतिपाना) | ३।- | |
| ११२ | अदालत शुल्क मिनाहा सिफारिस | निशुल्क | अख्तियारवाला |

| | | | |
|---|---|---|---|
| | | | ले तोक्ने |
| ११३ | मोबाइल टावर ठुलो | ५०००।- | |
| ११४ | इन्टरनेट सेवा प्रदायक | ५०००।- | |
| ११५ | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | ५०।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | ५०।- | |
| | पारिवारिक लगत कार्ड(सरसफाई कार्डको दस्तुर नविकरण) | ५०।- | |
| ११६ | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| ११७ | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| ११८ | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| ११९ | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | २००।- | |
| १२० | पशु फर्म दर्ता नविकरण | २५०।- | |
| १२१ | IEE/EIA परिक्षण सिफारिस (कुल लागतको अंकको भोल्युम हेरी) | | |
| | क) लागत रु १ लाख देखि २० लाख सम्मको | ५००।- | |
| | ख) लागत रु २० लाख देखि ३० लाख सम्मको | १०००।- | |
| | ग) लागत रु ३० लाख देखि ५० लाख सम्मको | ३०००।- | |
| | घ) लागत रु ५० लाख देखि ७० लाख सम्मको | ५०००।- | |
| | ङ) लागत रु७० लाख देखि १ करोड सम्मको | ८०००।- | |
| | च) लागत रु १ करोड देखि २ करोड सम्मको | १००००।- | |
| | छ) लागत रु २ करोड देखि माथि | १५०००।- | |
| १२२ | गाउँपालिकाको हल भाडा प्रतिदिन | १,०००।- | |
| १२३ | वडा कार्यालयको हल भाडा प्रतिदिन | १०००।- | |
| १२४ | प्रोजेक्टर भाडा प्रतिदिन | १०००।- | |
| | साउण्ड सिस्टम (राजनिती दल रु.१०००, संघ संस्था रु.५००) | प्रतिदिन | |
| १२५ | सडक बत्ति वार्षिक | १००।- | |
| १२६ | फोहर मैला व्यवस्थापन प्रतिघर/प्रतिपरिवारवार्षिक | २००।- | साधन प्राप्त भएपछि |
| १२७ | सार्वजनिक शौचालय दोभान बजार र अन्य क्षेत्र प्रयोग शूल्क प्रति व्यक्ति/प्रति पटक | ५ देखि १० | |
| १२८ | पौडी पोखरी डुङ्गा समेत प्रति व्यक्ति | २०।- | |
| १२९ | हाटबजार,मेला, खेलकुद सञ्चालन अनुमति | ५०० | |

| | | | |
|---|---|---|---|
| १३० | खानेपानी महान दर्ता, नवीकरण अनुमति | ५०० | |
| १३१ | झोले/पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका बाहिरका व्यवसायी) | <br>१००<br>२००<br>३००<br>५००<br>१०००<br>२००० | |
| १३२ | कृषक समूह दर्ता | १००० | |
| १३३ | कृषक समूह नविकरण | ७०० | |
| १३४ | कृषि व्यावसाय दर्ता | १००० | |
| १३५ | कृषि व्यावसाय नविकरण | ७०० | |

अनुसूची- ६

(दफा ८ सँग सम्बन्धित)

पर्यटन शुल्क

उद्यम, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदाको उपयोग वापत् प्रतिव्यक्ति रु. ५ र १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ मा व्यवस्था भएअनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ।

अनुसूची – ७

(दफा ९ सँग सम्बन्धित)

जन्तेढुङ्गा गाउँपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको भूमिकर (मालपोत)

| क्र.सं. | प्रकार | दर | कैफियत |
|---|---|---|---|
| १. | ५ रोपनी सम्म | १०० | |
| २. | ५ देखि ९.९९ रोपनी सम्म | १५० | |
| ३. | १० देखि १९.९९ रोपनी सम्म | २०० | |
| ४. | २० देखि ४९.९९ रोपनी सम्म | ३०० | |
| ५. | ५० रोपनी देखि माथि | ५०० | |

मालपोत/ भुमि कर

| क्र.सं. | प्रकार (बारी) | दर | कैफियत |
|---|---|---|---|
| १. | अब्बल (प्रति रोपनी) | ८ | |
| २. | दोयम(प्रति रोपनी) | ६ | |
| ३. | सीम(प्रति रोपनी) | ४ | |
| ४. | चाहार(प्रति रोपनी) | २ | |

| क्र.सं. | प्रकार (खेत) | दर | कैफियत |
|---|---|---|---|
| १. | अब्बल (प्रति रोपनी) | १० | |
| २. | दोयम(प्रति रोपनी) | ८ | |
| ३. | सीम(प्रति रोपनी) | ६ | |
| ४. | चाहार(प्रति रोपनी) | ४ | |

नोट : २ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा करमा २५%, ५ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा करमा ३५%, ८ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा करमा ५०% थप जरिवाना लाग्नेछ। तर आ.व. ०७४/०७५भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ।

अनुसुची - ८

(दफा ११ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क**

| क्र.सं. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १. | जानाजान सार्वजनिक सडकलाई असर पुग्ने गरी सडकमा पानी/कुलो लगाएमा | पहिलो पटक – ३००० <br> दोस्रो पटक - ५००० <br> तेस्रो पटक – १०००० | |
| २. | नोट : यस खण्डसँग सम्बन्धित अन्य जरिवाना गाउँपालिकाको न्यायिक कानुन बमोजिम हुनेछ। | | |

१. लिनुपर्ने कर शुल्क दस्तुर आदि नलिएमाः
आर्थिक ऐन र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम नलिएमा तिर्नुपर्ने रकम नतिरेमा सम्बन्धित व्यक्ति वा संस्थाबाट तोकिएको रकमको थप १०% हुने रकम बराबर असुल उपर गरि विभागीय कारबाही समेत गरिनेछ।

२. व्यवसाय नवीकरण २०७८ साल प्रत्येक असोज मसान्त भित्र गरिसक्नुपर्नेछ। पौष मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको ५% जरिवाना गरिनेछ। चैत्र मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको १०% जरिवान गरिनेछ। असार मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको १५% जरिवाना गरिनेछ। उक्त अवधिमा पनि नवीकरण नगर्नेलाई असार मसान्त सम्मको नवीकरण रकम र जरिवाना दुवै गरि कुल हुन आउने रकमको माथि उल्लेख भए बमोजिम जरिवाना गरिनेछ।